DAILY NEWSLETTER

As of March 01, 2026

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

मध्यपूर्व तनावको प्रभावपछि नेप्सेमा पुनः सुधार, १९ अंकको वृद्धि

नेपाल स्टक एक्सचेन्ज (NEPSE) परिसूचक आज १९ अंकले बढ्दै हरियो क्यान्डलमा बन्द भएको छ। कारोबार रकम ५ अर्ब रुपैयाँभन्दा माथि रहँदा बजारमा मध्यम स्तरको सक्रियता देखिएको छ।

आजको कारोबारको सुरुआती १५ मिनेटमा मध्यपूर्वमा देखिएको द्वन्द्वसम्बन्धी अन्तर्राष्ट्रिय समाचारका कारण बजारमा प्यानिक सेलिङ देखिएको थियो। त्यसका कारण सूचकमा तीव्र दबाब सिर्जना भएको थियो। लगानीकर्ताहरूमा अल्पकालीन त्रास देखिए पनि बजारले छिट्टै सन्तुलन समातेको देखियो।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा Below छ ।
MACD	नेप्सेमा हाल MACD मा Selling (Weak) देखिएको छ ।
RSI	RSI 51 पुगेको देखिन्छ ।

Support	2580
Resistance	2680

सूचक करिब २६३० को आसपास स्थिर भएपछि क्रमशः खरिद चाप बढ्दै गयो। दोस्रो चरणको कारोबारमा बजारले मजबुत रिकभरी देखाउँदै माथिल्लो स्तरतर्फ धकेलियो। अन्ततः सकारात्मक मनोबलका साथ बजार हरियो क्यान्डलमा बन्द हुन सफल भयो।

यद्यपि, ५ अर्बमाथिको कारोबार भए पनि दिगो अपट्रेन्डको पुष्टि हुन अझै केही सत्रको निरन्तरता आवश्यक देखिन्छ। प्राविधिक रूपमा हेर्दा, बजारले छोटो अवधिको सपोर्ट जोनलाई जोगाउँदै बाउन्स गरेको संकेत गरेको छ।

अब आगामी कारोबारमा २६५०–२६६० क्षेत्रको रेसिस्टेन्स महत्वपूर्ण रहनेछ भने २६३० लाई नजिकको सपोर्टका रूपमा हेर्न सकिन्छ।